**मिति २०७८।०१।२१ गते बसेको विहादी गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :**

<u>निर्णय नं. १</u>

यस अघि २०७७ साल फागुन ११ र फागुन २८ गते कार्यपालिका बैठकले निर्णय गरेका विषयहरुको कार्यान्वयनको प्रगति समिक्षा गरियो ।

<u>निर्णय नं. २</u>

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियण्ट सहितको कोरोनाको विषम परिस्थितिका कारण उत्पन्न सम्भाव्य जोखिम न्यूनिकरणका लागि देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

देहाय :

- मिति २०७८।०१।२२ गते देखि मिति २०७८।०१।३० गते सम्म विहादी गाउँपालिकावाट प्रवाह हुने अत्यावस्यक सेवा वाहेक अन्य सम्पूर्ण सेवाहरु स्थगित गर्ने ।
- पालिका भित्रका प्रत्येक घरधुरीमा एउटा होम आइशोलेसन कक्ष तयारी अवस्थामा राख्न लगाउने ।
- सम्बन्धित वडा कार्यालय, सम्बन्धित टोल विकास समिति र स्थानीय व्यक्तिहरुको समन्वयमा प्रत्येक वडामा १/१ वटा सामुदायिक क्वारेन्टाईनको स्थापना तथा व्यवस्थापन गर्न लगाउने ।
- स्वदेश तथा विदेशवाट यस पालिकाभित्र आएका व्यक्तिहरुको तथ्यांक संकलन तथा कोभिडवाट सुरक्षित रहने, होम आइशोलेसनमा बस्न लगाउने जस्ता विषयमा नागरिकहरुलाई जनचेतना फैलाउने कार्यका लागि विहादी गाउँपालिका अन्तर्गतका सम्पूर्ण शिक्षकहरुलाई समेत आ-आफ्नो टोलमा परिचालन गराउने ।
- मिति २०७८।०१।२२ गते देखि २०७८।०१।३० गते सम्म विहादी गाउँपालिका क्षेत्र भित्रका पसल तथा व्यवसायहरु विहान ६ बजे देखि ९ बजे सम्म र बेलुका ५ बजे देखि ७ बजे सम्म मात्र सञ्चालन गर्ने / गराउने । उक्त कार्यमा सहयोगका लागि पालिका भित्रका सम्पूर्ण प्रहरी चौकीहरुलाई अनुरोध गर्ने ।
- विहादी गाउँपालिका भित्रका सम्पूर्ण वडा कार्यालयहरु, सम्पूर्ण स्वास्थ्य चौकी र सम्पूर्ण प्रहरी चौकीहरुका लागि आवश्यक पर्ने मास्क, सेनिटाईजर र अत्यावश्यक औषधीहरुको व्यवस्थापन गाउँ कार्यपालिकाको कार्यालयवाट छिट्टै गराउने ।
- गाउँपालिकाको कोभिड १९ अस्थायी अस्पताललाई चाहिने अत्यावश्यक सामाग्रीहरु, औषधी, अक्सिजन आदीको अविलम्ब व्यवस्थापन स्वास्थ्य शाखाले गरि अस्पताललाई सम्भावित जोखिमको व्यवस्थापनका लागि तयारी अवस्थामा राख्न लगाउने ।

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत

७८/१/२१

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत